म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- २३५ २०८१ साउन ३ गते बिहीबार 18 July 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

सूर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेटलगायतका शरीरका अंङ्गहरु), मुटुसम्बन्धी रोगहरु, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालिन रोग लाग्न सक्दछ ।

त्यसैले सूर्तीजन्य पदार्थ सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौँडा अस्पतालका चिकित्सक, कर्मचारी कटौतिसँगै सेवा प्रभावित

आरजु सत्याल

हेटौँडाः हेटौँडा अस्पतालमा चिकित्सकदेखि कर्मचारीसम्म कटौति भएसँगै अस्पतालले प्रदान गर्ने सेवा प्रभावित बनेको छ । बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयसमेत सम्हालिरहनुभएका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको कर्मचारी कटौती गर्ने निर्णयसँगै बिरामीले पाउने सेवा प्रभावित भएको हो ।

मन्त्रालयले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमातहतको हेटौँडा अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी गरी १ सय ४५ जनाको करार सम्झौता नवीकरण नगर्ने निर्णय गरेसँगै कटौतिमा परेको हो । हेटौँडा अस्पताल प्रशासनले आन्तरिक व्यवस्था गर्दै करार सम्झौता नवीकरण नभएका मध्ये चिकित्सक, कर्मचारी गरी एक सय २४ जनालाई एक महिनाका लागि बोलाएको छ । अस्पतालको सञ्चालन तथा व्यवस्थापनबाट माग गर्दा केहि ठोस निर्णय नआएको हेटौँडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट श्रीधर अर्यालले बताउनुभयो । जसकारण अस्पतालको प्रशासनले सेवामा प्रभाव नपरोस् भनेर छलफलपछि आफैँ आन्तरिक व्यवस्थापन गरेको अर्यालले बताउनुभयो ।

हेटौँडा अस्पतालबाट २ जना विशेषज्ञ चिकित्सक, ४ जना मेडिकल अधिकृत, २ जना रेडियोग्राफर र ११ जना स्टाफ नर्स र २ जना प्रयोगशाला प्राविधिक कटौति भएका थिए । हेटौँडा अस्पतालमा सेवा प्रदान गरिरहेका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी कटौतिमा परेपछि अस्पतालको सेवा प्रवाहमा समस्या परेको अस्पतालको सर्जरी वार्डकी एक नर्सले बताउनुभयो । सर्जरी वार्डबाट दुई जना नर्सको कटौती भएकोले विहान नभ्याउने र इमर्जेसीमा छुटि मिलाउन समस्या पर्ने उहाँले बताउनुभयो ।

यस्तै, अस्पतालको प्रयोगशाला विभागमा दैनिक करिब ५ सय जना सेवा लिन आउने गरेका छन् । प्रयोगशालाका दुई जना प्राविधिक कटौतिमा परेपछि अहिले २९ जनाले सेवा प्रदान गरिरहेको प्रयोगशाला प्राविधिक राजेन्द्र पौडेलले बताउनुभयो । प्रयोगशालाबाट एकैपटक ८ जनाको रगत निकाल्न सकिने व्यवस्था मिलाइएको छ ।

हेटौँडा अस्पतालमा चिकित्सक हुँदा छिटो जाँच हुने गरेको अस्पतालकी सेवाग्राही उषा ढुङ्गानाले बताउनुभयो । करार सम्झौता नवीकरण नगरेर २ जना चिकित्सक कटौति हुँदा बहिरंग सेवा प्रभावित बन्नुका साथै नियमित सेवा प्रवाहमा ढिलाई भएको उहाँको भनाइ थियो । यस्तै अर्की सेवाग्राहि सोमकुमारी चौलागाईले बिरामीको भिडअनुसार डाक्टरले स्वास्थ्य परीक्षण गर्न भ्याउन नसकेर समस्या आएको बताउनुभयो । प्रदेश सरकारले जनशक्ति व्यवस्थापन गरेर सहज र प्रभावकारी सेवा प्रदान गर्नुपर्ने अर्का सेवाग्राही उर्गेन लामाले बताउनुभयो । यसैबीच मंगलबार हेटौँडा अस्पतालले विशेषज्ञ चिकित्सकसहित स्वास्थ्यकर्मी र कर्मचारी आवश्यकतासम्बन्धी सूचना प्रकाशन गरेको छ ।

## सवारी कारबाहीबाट करिब ३ करोड राजस्व संकलन

समाज संवाददाता

हेटौंडाः जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले आर्थिक वर्ष २०८०/८१ मा करिब ३ करोड रुपैयाँ राजस्व संकलन गरेको छ । जिल्लाभित्र विभिन्न सवारी साधनहरुलाई कारबाही गरी २ करोड ८३ लाख ४२ हजार ५ सय ४ रुपैयाँ राजस्व संकलन गरेको हो ।

ट्राफिक प्रहरीले सबैभन्दा बढी मोटरसाइकल कारबाहीबाट राजस्व संकलन गरेको छ । ९ हजार ८ सय २१ मोटरसाइकललाई कारबाही गरी ७१ लाख ५ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ । यस्तै, ८ हजार ६ सय ९२ ट्रकलाई कारबाही गरी ६९ लाख २३ हजार ५ सय रुपैयाँ र ६ हजार ९ सय ७९ वटा जीप/कार कारबाहीबाट ५९ लाख ७१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

जिल्ला ट्राफिक प्रहरीले दिएको तथ्यांकअनुसार ६ सय ६३ वटा ट्याक्टर लाई कारबाही गरी ४८ लाख ४ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ । यस्तै, २ हजार २ सय ८८ वटा बसलाई कारबाही गरेर १७ लाख ३२ हजार रुपैयाँ र अन्य सवारी साधनबाट २९ लाख ९६ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले अघिल्लो आर्थिक वर्ष २०७९/८० मा ३ करोड ६९ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो ।

## बागमती प्रदेशसभा बैठक साउन ६ गते बस्ने

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सभाको बैठक साउन ६ गते बस्ने भएको छ । प्रदेशसभाका सभामुख भुवन कुमार पाठकले असार ६ गते दिउँसो १ बजेका लागि प्रदेशसभा बैकठ आव्हान गर्नुभएको छ ।

बैठकमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलको विश्वासको मत सम्बन्धी प्रस्ताव माथि छलफल हुने कार्यसूचि रहेको प्रदेशसभा सचिवालय हेटौँडाले जनाएको छ । मुख्यमन्त्री जम्कट्टेलको सिफारिसमा सभामुख पाठकले प्रदेशसभाको बैठक आव्हान गर्नुभएको हो । मुख्यमन्त्री जम्कट्टेलले नेपालको संविधानको धारा १८८ को उपधारा (२) तथा प्रदेशसभा नियमावली २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम प्रदेश सभाको बैठकमा विश्वासको मत प्राप्त गर्ने प्रस्ताव प्रदेश सभामा पेश गर्नुहुनेछ ।

केन्द्रमा नयाँ समीकरण निर्माण भएसँगै मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको प्रदेश सरकार अल्पमतमा परेको छ । केन्द्रमा एमाले कांग्रेस सत्ता साझेदारी अनुसार सरकार गठन गर्ने तयारी भएसँगै असार २३ मा नेकपा एमाले जम्कट्टेल नेतृत्वको सरकारबाट बाहिरिएको थियो । एमालेले सरकारको समर्थन फिर्ता लिँदै ५ जना मन्त्रीलाई सामुहिक राजिनामा गराएको थियो । त्यससँगै अल्पमतमा परेको प्रदेश सरकारको नेतृत्व गरिरहनुभएका मुख्यमन्त्री जम्कट्टेलले साउन ६ गते विश्वासको मत लिन संसद सचिवालयमा पत्राचार गर्नुभएको छ ।

मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मत सम्बन्धी प्रस्तथाव माथि छलफल गर्नुअघि सभामुख पाठकले कार्यव्यवस्था परामर्श समितिको बैठक समेत आह्वान गर्नुभएको छ । सभामुख पाठकले साउन ५ गते दिउँसो ३ बजेका लागि कार्यव्यवस्था परामर्श समितिको बैठक आव्हान गर्नुभएको छ । सो बैठकले मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मत सम्बन्धी प्रस्तावको प्रक्रिया र संसदको अन्य कार्यसूचि तयार गर्नेछ ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

## सांसद बर्तौला सत्तारुढ दलको मुख्य सचेतकमा नियुक्त

समाज संवाददाता

हेटौंडाः मकवानपुरबाट निर्वाचित सांसद महेश बर्तौला सत्तारुढ दलको मुख्य सचेतकमा नियुक्त हुनुभएको छ । गत निर्वाचनमा नेकपा एमालेबाट मकवानपुरको क्षेत्र नम्बर-२ बाट निर्वाचित सांसद बर्तौला बुधबार सत्तारुढ दलको मुख्य सचेतक नियुक्त हुनुभएको हो ।



प्रधानमन्त्री तथा एमाले संसदीय दलका नेता केपी शर्मा ओलीले बर्तौलालाई बुधबार मुख्य सचेतक पदमा मनोनित गर्नुभएको हो । नेकपा एमाले संसदीय दलको विधान २०७७ तथा संघीय संसद्का पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा ऐन २०७३ अनुसार सांसद बर्तौलालाई मुख्य सचेतकमा नियुक्त गरिएको हो । बर्तौलालाई प्रतिनिधिसभामा मुख्य सचेतक पदमा असार २ गतेबाट लागू हुनेगरी मनोनयन गरिएको हो ।

सांसद बर्तौलाले सोही ऐनले निर्धारण गरे अनुसारको सेवा सुविधा पाउनेछन् । मुख्य सचेतकलाई सत्तारुढ दलबाट नियुक्त गर्ने व्यवस्था रहेको छ । मुख्य सचेतकले सत्तारुढ दलका प्रमुख सचेतकको समेत नेतृत्व गर्ने व्यवस्था छ ।

बर्तौला यसअघि एमालेको सचेतक र प्रमुख सचेतक भएर जिम्मेवारी सम्हाल्दै आउनुभएको थियो । उहाँ यसअघि एमालेको सचेतक हुनुहुन्थ्यो । तत्कालीन एमालेका प्रमुख सचेतक पदम गिरी मन्त्री भएपछि बर्तौलालाई प्रमुख सचेतक नियुक्त गरिएको थियो ।

## वडाअध्यक्षहरुले रोके शिक्षक छनोटको परीक्षा

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाका १० वटा विद्यालयका विभिन्न तहका शिक्षक छनोटको प्रक्रिया वडाअध्यक्षहरुले रोकेका छन् । शिक्षक छनोट समितिमा विज्ञ छनोटको विषयलाई लिएर वडाअध्यक्षहरुले असन्तुष्टि जनाउँदै गत शनिबारका लागि तय भएको शिक्षक छनोट परीक्षा रोकेका हुन् ।

हेटौँडा उपमहानगरपालिकाले शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि-२०८१ पारित भइसकेको सन्दर्भमा करार शिक्षक छनोटको अन्तिम चरणको प्रक्रिया सुरु हुनै लाग्दा हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा निर्धारण गरिएको परीक्षा केन्द्रमा पुगेर वडाअध्यक्षहरुले रोकेका हुन् । हेटौँडा-४, ६, १५ र १६ नम्बर वडाअध्यक्षहरु क्रमशः नवीन सिग्देल, विष्णुबहादुर दाहाल, सुनि रोकेका हुन् । १६ नम्बर वडाअध्यक्ष हेटौँडा उपमहानगरपालिकाको सामाजिक विकास समितिको संयोजक समेत हुनुहुन्छ ।

“परीक्षा केन्द्र भुटनदेवी माविमा निर्धारण गरेर १० वटा विद्यालयका लागि तहगत विज्ञसहितको समूहले परीक्षा सञ्चालन गर्नै लाग्दा शनिबार बिहान ८ बजेको समयमा वडाअध्यक्षहरु आउनुभयो । विज्ञ छनोटको प्रक्रियामा असन्तुष्टि जाउँदै परीक्षा नै रोक्न भन्नुभयो”, हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका अधिकृत हरिचन्द्र सापकोटाले भन्नुभयो, “वडाअध्यक्षहरुले नै विमति जनाएपछि हामीले परीक्षा सञ्चालन गर्ने स्थिति बनेन ।” शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि-२०८१ मा परीक्षा समितिमा २ जना विज्ञ शिक्षा विकास महाशाखा प्रमुखले तोकेका व्यक्ति हुने व्यवस्थाप्रति वडाअध्यक्षहरुले विमति जनाउनुभएको उहाँको भनाइ छ ।

शनिबार हेटौँडा-४ स्थित श्रमिक मावि र भुटनदेवी मावि, हेटौँडा-६ स्थित कृष्ण प्रावि, हेटौँडा-९ स्थित प्रगति माविमा एक एकजना बालविकास सहयोगी कार्यकर्ता, हेटौँडा-३ स्थित बालउज्वल मावि, हेटौँडा-१८ स्थित कालिदेवी प्रावि, हेटौँडा-१५ स्थित चुरियामाई मावि र विश्वज्योति माविमा प्रावि शिक्षक एक एकजना नियुक्तिका लागि परीक्षा हुँदै थियो । यस्तै हेटौँडा-४ स्थित भुटनदेवी माविमा सिभिल इन्जिनियरिङ र हेटौँडा-१६ स्थित जनप्रिय माविमा बालीविज्ञान विषयका लागि प्रशिक्षक नियुक्ति र हेटौँडा-१४ स्थित भृकुटी माविमा लेखापाल नियुक्तिका लागि परीक्षा लिने तयारी हुँदै गर्दा वडाअध्यक्षहरुले परीक्षा रोकेका हुन् ।

उपमहानगरपालिकाले शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि कार्यान्वयनको प्रक्रिया अगाडि बढाएकै कारण गत बैशाख महिनादेखि नै शिक्षक नियुक्तिका लागि सूचना गरेका विद्यालयहरुले कार्यविधिले अन्तिमपटकका लागि भनेर एकैपटक परीक्षा सञ्चालन गर्ने भनेपछि शिक्षक छनोटको परीक्षा समेत ढिलो गरी भएको थियो । नयाँ शैक्षिकसत्र सुरु भएर नियमित पठनपाठन भइरहेको र विद्यालयमा शिक्षक अपुग भएर समस्या भइरहेको बेला वडाअध्यक्षहरुले शिक्षक छनोटको परीक्षा नै रोकेर थप समस्या सिर्जना भएको एक प्रधानाध्यापकले गुनासो गर्नुभयो ।



## सम्पादकीय

# ओलीसामु चुनौतीका चाङ

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली चौथो पटक प्रधानमन्त्री बनेका छन् । प्रतिनिधिसभाको प्रमुख दल नेपाली कांग्रेससँगको गठबन्धनबाट ओली नेपालको ४५ औं प्रधानमन्त्री नियुक्त भएका हुन् । राजनीतिका निकै सफल खेलाडी मानिएका ओली प्रधानमन्त्री बन्नुलाई सामान्यरुपमा मानिएको छ । प्रतिनिधिसभामा ३२ सिट हुने दलले बारम्बार गठबन्धन परिवर्तन गरेर प्रधानमन्त्री बनिरहने मुलकमा मुलुकमा राजनीतिका चतुर खेलाडी र दोस्रो ठूलो दलका अध्यक्ष ओली प्रधानमन्त्री बन्नु अनौठो होइन । चरम राजनीतिक अस्थिरताका बिच प्रधानमन्त्री बनेका ओली नेतृत्वको सरकारलाई निरन्तरता दिन चुनौतीपूर्ण हुनसक्छ । अर्कोतिर, विभिन्न अनियमितता र भ्रष्टाचारका काण्डहरु उजागर हुँदै गएको र त्यसमा उच्च राजनीतिक नेतृत्वसमेत संलग्न रहेको चर्चा चलिरहेको अवस्थामा त्यस्ता काण्डको छानविन गरी दोषीलाई कारबाही गर्न प्रधानमन्त्री ओलीलाई सहज छैन । आफ्नै दल र सत्ता साझेदार दलका नेतामात्र नभई मन्त्रिमण्डलकै सदस्यलाई छानविन र कारबाहीको दायरामा ल्याउन प्रधानमन्त्री ओलीका लागि पक्कै सहज हुनेछैन ।

राजनीतिमा जे पनि जायज र सम्भव हुन्छ भन्ने भाष्य स्थापित गरेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई एक्ल्याएर प्रधानमन्त्री ओली नेपाली कांग्रेससँग गठबन्धन गर्न पुगेका हुन् । पहिलो ठूलो दल कांग्रस र दोस्रो ठूलो दल एमालेलाई पालैपालो गठबन्धनमा सामेल गराएर प्रचण्ड करिब १८ महिना प्रधानमन्त्री बने । २०७९ पुस १० मा प्रधानमन्त्री भएका प्रचण्डले २६ पुसमा प्रतिनिधिसभाबाट विश्वासको मत लिँदा उनको पक्षमा २६८ मत परेको थियो । डढ वर्षमा पाँच पटक विश्वासको मत लिनु परेको प्रचण्डले क्रमशः आफ्नो पक्षको मत घटाउँदै गए । अन्ततः गत असार १७ गते एमालेले माओवादीसँगको सत्ता साझेदारी त्यागेर कांग्रेससँग सत्ता साझेदारी गर्ने सहमति गरेपछि प्रचण्ड अल्पमतमा परे । अल्पमतमा परेका प्रचण्डले राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीको समेत गरेर आफ्नो पक्षमा ६३ मतमात्र प्राप्त गरे र पदमुक्त भए ।

प्रचण्ड प्रधानमन्त्रीबाट पदमुक्त भएसँगै राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ (२) अनुसार प्रतिनिधिसभाको दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठनका लागि गत असार ३० गते साँझसम्म दावी पेश गर्न आह्वान गरेपछि कांग्रेसको समर्थनमा एमाले अध्यक्ष ओलीले प्रधानमन्त्रीमा दावी पेश गरे र प्रधानमन्त्री नियुक्त भए । ओलीलाई प्रधानमन्त्री बनाउन कांग्रेसका ८८, एमालेका ७९, जनता समाजवादी पार्टीका ७, जनमत पार्टीका ६ र लोकतान्त्रिक समाजवादी पार्टीका ४ सांसदले प्रचण्डको विपक्षमा मतदान गरेको थिए । यस आधारमा दुई तिहाइ सांसदको साथ पाएका ओली शक्तिशाली प्रधानमन्त्रीका रुपमा देखिएका छन् । तर, ओली मन्त्रिमण्डको अनुहारले भने सरकार कमजोर रहेको प्रष्ट पार्दछ ।

प्रधानमन्त्री ओलीले सोमबार कांग्रेसबाट १०, एमालेबाट ८, जनता समाजवादीबाट २ र लोकतान्त्रिक समाजवादीबाट एक गरी २२ सदस्यीय मन्त्रिमण्डल बनाएका छन् । संवैधानिक व्यवस्थाअनुसार अझै ३ जनासम्म मन्त्री थप गर्न सकिने आधारमा जनमतले पनि भोलिका दिनमा सरकारमा सहभागी हुने अनुमान गर्न सकिन्छ । गठबन्धनलाई बलियो बनाउन ओलीले साना दललाई समेत सरकारमा समावेश गरेका छन् । यसले सरकारमा थप किचलो बनाउने सम्भावना रहन्छ । अर्कोतिर कांग्रेस र एमालेबाट मन्त्री बनेकाहरुको विगतका आचरण तथा कार्यसम्पादन चित्तबुझ्दो नभएकाले सरकारले उल्लेख्य नतिजा दिनेगरी काम गर्ने आशा गर्न सकिने अवस्था छैन । आफू नमर्दासम्म राजनीतिक उथलपुथल भइराख्छ भन्ने प्रचण्डले कस्तो रणनीति लिन्छन्, त्यसमा पनि ओली सरकारको भविष्य निर्धारण हुनेछ । ओली सरकारको सामु थुप्रै चुनौतीका चाङ रहे पनि कांग्रेससँगको गठबन्धनदेखि मन्त्रिमण्डल गठनसम्म सहज वातावरण बनाएका प्रधानमन्त्री ओली र उनको सरकारले मुलुकको विकास र समृद्धिमा केही योगदान गर्न सकोस्, शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : प्रशासनिक काममा आफ्नो पक्ष बलियो होला ।
**वृष** : पढाइ–लेखाइ मध्यमकारक रहने समय योग छ ।
**मिथुन** : प्रतिष्ठा प्राप्त भएपनि अहम्लाई रोक्दा राम्रो ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**सिंह** : उपहार र सम्मान प्राप्त हुने समय योग रहेको छ ।
**कन्या** : सामाजिक र प्रतिष्ठित कामबाट लाभ होला ।
**तुला** : जागिरमा चुनौति र जोखिम मोल्नु पर्ला ।
**वृश्चिक** : परीक्षा प्रतियोगितामा अझैं प्रयास गर्दा राम्रो ।
**धनु** : धार्मिक काममा सरिक भइने समय योग रहेको छ ।
**मकर** : पढाइ–लेखाइमा मन जाने समय योग छ ।
**कुम्भ** : सामाजिक काममा सरिक भइने समय छ ।
**मीन** : लेखाइ–पढाइ मध्यमकारक रहने समय छ ।

# साउन महिनाको महत्व र हाम्रो सामाजिक परिवेश

**श्रावण शब्द श्रवणबाट बनेको हो जसको अर्थ हुन्छ सुन्नु अर्थात् सुनेर धर्मको मर्म बुझ्नु । सनातन धर्मको प्रमुख ग्रन्थ वेदलाई श्रुति पनि भनिन्छ । श्रुतिको अर्थ नै त्यस्तो ज्ञान हो जुन ईश्वरबाट सुनेर ऋषिहरुले आम मानिसलाई सुनाए । त्यसैले श्रावण अर्थात् साउन महिनालाई पवित्र मानिएको हो । यसलाई आदिगुरु भगवान् शिवको प्रिय महिना पनि मानिन्छ ।**



✍अमर अधिकारी



नेपाली पञ्चाङ्गअनुसार वैशाख, जेष्ठ, असार, श्रावण, भाद्र, आश्विन, कार्तिक, मंशीर, पौष, माघ, फाल्गुण र चैत्र गरी १२ महिना रहेका छन्। ती १२ महिनाहरुको आफ्नै विशेषताहरु छन् । चैत्र, वैशाख वसन्त, जेष्ठ, असार ग्रीष्म, श्रावण, भाद्र वर्षा, आश्विन, कार्तिक शरद, मंसिर, पौष हेमन्त र माघ, फागुन शिशिर गरी १२ महिनालाई ६ ऋतुमा बाँडिएको पाइन्छ । ६ ऋतुहरुको पनि आ-आफ्नै विशेषता रहेका छन् ।

नक्षत्र र पूर्णिमाको योगका आधारमा हाम्रा महिनाका नाम रहेका छन् । श्रवन नक्षत्रयुक्त पूर्णिमा हुने भएकोले यस महिनाको नाम श्रावण रहेको हो । पूर्वीय सभ्यताअनुसार दिन, बार तिथि, पक्ष, महिना ऋतु आदि समयचक्रको निर्धारण सूर्य र चन्द्रमाले गर्ने भएकोले महिना पनि सूर्य र चन्द्र अनुसार दुई किसिमका हुन्छन् । सूर्यका आधारमा हुने महिनालाई सौर महिना र चन्द्रमाको आधारमा हुनेलाई चन्द्रमास भनिन्छ । श्रावणमा सूर्य कर्कट राशिमा विचरण गर्दछन् । त्यसैले सूर्य कर्कट राशिमा प्रवेश गर्ने दिनलाई श्रावण संक्रान्ति वा कर्कट संक्रान्ति भनिन्छ ।

श्रावण कृष्णप्रतिपदादेखि श्रावण शुक्लपूर्णिमासम्म चन्द्रमाका आधारमा हुने श्रावण महिना हो । धार्मिक, साँस्कृतिक दृष्टिले चन्द्र महिनालाई महत्वको रुपमा हेरिन्छ । स्कन्दपुराण अनुसार श्रावण माहात्म्यमा श्रावण महिनामा पर्ने प्रत्येक बार र तिथिको महत्व बताइएको छ त्यसैले अन्य महिनामा भन्दा श्रावण महिनामा गरेका शुभ कर्मको बढी फल प्राप्त हुने कुरा उल्लेख गरिएको छ। वैदिक सनातनीहरुले श्रावण महिना धार्मिक कार्यहरु गर्नका लागि उत्तम महिना मान्छन् ।

हरिशयनी एकादशीदेखि सुरु भई हरिबोधिनी एकादशीमा समाप्त हुने चतुर्मासको पहिलो महिना र शिवोपासनाको महिना भएकाले यसको महत्व धेरै छ। श्रावण महिना शिवजीको प्रिय महिना भएकोले यस महिनामा गंगा स्नान गरी शिवजीलाई गंगाजल चढाउने बोलबमको परम्परा पनि चल्दै आएको छ ।

नेपाली पञ्चाङ्गअनुसार श्रावण चौथो महिना हो । संस्कृतको श्रावण महिना अपभ्रंश भएर नेपालीमा साउन भएको हो। शास्त्रमा साउनलाई सबैभन्दा उत्तम महिना भनिएको पाइन्छ । साउनको सुरुको दिन अर्थात् संक्रान्तिलाई विशेष महत्व दिइएको पाइन्छ किनभने यसै दिनदेखि सूर्य दक्षिणायन हुन्छ र दिन छोटा अनि रात लामा हुन थाल्छन् । यो क्रम माघे संक्रान्तिसम्म रहन्छ। ज्योतिष विज्ञानअनुसार साउन अर्थात् श्रावण महिनाको पूर्णिमाका दिन आकाशमा श्रवण नक्षत्रको योग निर्माण हुन्छ। त्यसैले यो महिनाको नाम श्रावण रहेको हो ।

पूर्वीय दर्शनअनुसार साउन महिनामा भगवान शिवको आराधना गर्ने, उपवास बस्ने, शिव लिंगमा जल चढाउनाले घरमा सुख, समृद्धि मिल्छ भन्ने विश्वास छ। नेपाल प्राकृतिक सौन्दर्यले निकै धनी देश हो । यहाँका खोला, नाला, पहाड, पर्वत र हिमालका चुलीले जो कोहीको पनि मन लोभ्याएको पाइन्छ । साउन महिना वरीपरी हरियो वातावरणले झन् प्राकृतिक सुन्दरता बढाएको देख्न सकिन्छ ।

हाम्रो देश नेपाल विभिन्न धर्म र संस्कार र संस्कृतिले भरिपूर्ण रहेको छ । नेपालीहरुले बार र महिनालाई पनि विशेष महत्वका साथ लिने गरेको पाईन्छ। साउन महिना एक प्रकारले हेर्ने हो भने प्रकृतिसँग नजिक हुने महिना पनि हो यस साउन हरियो महिना हो । साउन महिनाभर हरियो वातावरणले प्राकृतिक शोभायमान बढाएको हुन्छ। नेपाली परिवेशमा हेर्ने हो भने साउन महिना धार्मिक महिना पनि रहेको छ । साउन महिनाभर नेपालमा नेपाली चेलीहरु धर्मिक आस्था र महत्वका साथ भगवान भोलेनाथको व्रत बस्ने गर्दछन् । साउन महिनालाई नेपालीहरुले भगवान भोलेनाथको प्रिय महिनाको रुपमा लिने गरेका छन् ।

साउन महिनामा भगवान भोलेनाथ कैलाश पर्वतबाट पृथ्वीमा भ्रमण गर्न आउनु हुन्छ भन्ने मान्यता पनि रहेको छ। त्यसैले साउनको सोमबार ब्रत बस्नाले भगवान आषुतोषले चाहेको मनोकांक्षा पुरा गरिदिनु हुन्छ भन्ने विश्वास पनि गरिन्छ। यस साउन महिनाभर नेपालीहरु नेपाली संस्कार, संस्कृतिभित्र रहेर भगवान भोलेनाथको पुजा आरधना गर्ने गर्दछन् । विशेषगरी साउन महिनामा नेपालका पावन शिव मन्दिरहरुमा श्रद्धालु र व्रतालु भक्तजनहरुको विशेष भिड लाग्ने गर्दछ। हिन्दु धर्म अनुसार भगवान शिवलाई वर्षभरी पुजा गरे तापनि साउन महिनाको सोमबार गरिने पुजालाई विशेष रूपमा हेरिन्छ। साउन महिनामा शिवको पुजा र अराधना गर्दा मानिसका मनोकामना पूरा हुने कुरामा परम्परादेखि नै विश्वास बढ्दै गएको पाउन सकिन्छ । साउन महिना एक प्रकारले हेर्ने हो भने प्रकृतिसँग नजिक हुने महिना पनि मान्न सकिन्छ ।

विशेषगरी साउन महिनामा नेपालका शिव मन्दिरहरुमा पुजाआजाकै लागि भक्तजनहरुको भिड लाग्ने गर्दछ। साउन यस्तो विशेष महिना हो जहाँ साना बालिकादेखि हजुरआमासम्मको एउटै फेसन देख्न पाइन्छ । हातभरी हरियो चुरा र मेहेन्दी अनि हरियो पोते। विवाहित महिलाले साउनमा हरियो चुरा हातमा मेहन्दी लगाउनाले श्रीमान्को आयु बढ्ने र अविवाहित महिलाले लगाए मनले चिताएको पूरा हुने धार्मिक विश्वास पनि रहिआएको छ । साउन महिनाको पनि विशेष रूपमा सोमबारको विशेष महत्व रहेको छ ।

श्रावण शब्द श्रवणबाट बनेको हो जसको अर्थ हुन्छ सुन्नु अर्थात् सुनेर धर्मको मर्म बुझ्नु । सनातन धर्मको प्रमुख ग्रन्थ वेदलाई श्रुति पनि भनिन्छ। श्रुतिको अर्थ नै त्यस्तो ज्ञान हो जुन ईश्वरबाट सुनेर ऋषिहरूले आम मानिसलाई सुनाए । त्यसैले श्रावण अर्थात् साउन महिनालाई पवित्र मानिएको हो । यसलाई आदिगुरु भगवान् शिवको प्रिय महिना पनि मानिन्छ । श्रवण नक्षत्र तथा सोमबारलाई भगवान् शिवको प्रिय महिना र बार मानिन्छ। त्यसैले यो महिनामा शिवलाई खुसी पार्न विशेष धार्मिक अनुष्ठान एवम् रुद्राभिषेकका साथै सोमबारका दिन व्रत बस्ने गरिन्छ।

साउने संक्रान्तिका दिनदेखि सूर्य मिथुन राशि छोडेर कर्कट राशिमा प्रवेश गर्छन् । नेपालको ग्रामीण भेगमा संक्रान्तिका दिन लुतो फाल्ने परम्परा छ । सनातन धर्मावलम्बीहरूले साउन महिनाभर माछा-मासु, लसुन, प्याज आदि तामसी भोजन बार्ने चलन छ । विशेषगरी साउने सोमबारका दिन महिलाहरूले भगवान् शिवको विशेष आराधना गर्छन् । सनातन हिन्दू परम्पराअनुसार पाँचवटा सोमबार परेको साउन महिनाभर हरियो तथा रातो सौभाग्यका सामग्री लगाएर भगवान् शिवको पूजासहित व्रत बस्दा सौभाग्य प्राप्त हुन्छ भन्ने विश्वास छ ।

साथै सोमबारको व्रत बस्दा अविवाहितले असल र सुन्दर पति पाउने र विवाहितले श्रीमान्को दीर्घायु तथा खुसीका साथै मनले चिताएको कुरा पुग्ने जनविश्वास रहिआएको छ। सोमबार व्रत बस्दा विद्या, व्यापार एवम् खेतीपाती सप्रने विश्वास गरिन्छ ।

हिजोआज साउने सोमबारको व्रतलाई विशेष तरिकाले उत्सवका रूपमा मनाउन थालिएको पाइन्छ । व्रत नबस्ने महिलाहरु पनि हरियो, पहेँलो चुरा र मेहन्दी लगाउँछन् । देशभरका शिवालयमा हरियो चुरा, पोते र रातो पहिरनमा सजिएका युवती तथा महिलाको भीड लाग्छ । हरियो चुरा, हरियो पहिरन लगाउने कुरालाई प्रमाणित गर्न नसकिए पनि साउन महिनामा चारैतिरको प्राकृतिक वातावरण एवम् बोटविरुवा पनि हरियो हुने भएकाले प्रकृति जस्तै हरियो भएर हिँड्नाले भोले बाबा खुसी हुने अधिकांश विद्वान एवम् हिन्दु महिलाहररूको धारण छ । प्राकृतिक रुपले नै साउन महिना जलमय हुने हुँदा जताततै रमणीय एवं हरियाली दृश्य देख्न पाइन्छ। हरियो रङ्ग प्रेम र वातावरणको प्रतीक मानिन्छ । हरियो वस्त्रलाई प्रकृतिको सम्मानका रुपमा लिन सकिने भएकाले त्यसैले साउन महिनाभरि नै हरियो वस्त्र, हरियो चुरा, हरियो पोते र हरियो टीका लगाउने चलनलाई प्रकृतिको सम्मानसँग जोडेर हेर्न सकिन्छ। हरियो प्रेम र वातावरणको, रातो सौभाग्यको र पहेँलो पवित्रताको प्रतीक हो । ८० वर्ष पार गरेकी हजुरआमादेखि डेढ दुइवर्षका नातीनीसम्मका हातमा हरिया चुराले सजाएर साउनको स्वागत गरिरहेका हुन्छन्। अहिले साउन भन्नासाथ हरियो रङ्गको पर्यावाची जस्तै लाग्न थालेको छ। महिलाहरुमा साउन महिना लाग्नासाथ हरियो चुरा र पोते लगाउनु पर्छ भन्ने मानसिकता बढेको देख्न पाइन्छ। त्यसैले यो आस्थामय साउन महिनामा हरियो, पहेँलो र रातो सम्मिश्रण गरी श्रृङ्गार तथा कपडा विशेष रुपले लगाइन्छ ।

साउन महिनाभरि हरियो चुरा, हरियो बस्त्र र हत्केलाभरि मेहन्दीले सजिएका किशोरी, युवती र प्रौढहरुलाई देख्दा हिन्दु साँस्कृतिक, संस्कार र विश्वास अझ गाढा हुँदै गएको महसुस गर्न सकिन्छ। अझ हत्केलामा जति बढी गाढा मेहन्दीको रङ्ग बस्यो उति नै श्रीमान्को माया पाइन्छ भन्ने जनविश्वास छ ।

त्यसैगरी साउन महिनाका सोमबार बोलबम भन्दै महिला तथा पुरुष भक्तजनले पवित्र जलशिवालयहरुमा अर्पण गर्ने परम्परा पनि छ । धर्म तथा संस्कृतिविद्हरुकाअनुसार साउन महिना धेरै पानी पर्ने, बाढी पहिरो आएर समाजमा प्राकृतिक दुर्घटना नहोस् भनेर भगवान शिवको पूजा गरिन्छ ।

पौराणिक मान्यताअनुसार पार्वतीले साउन महिनाभरि निराहार रही कठोर व्रत बसेर भगवान शिवलाई प्राप्त गरेकी हुनाले भगवान शिवलाई खुसी पार्नका लागि यो महिना विशेष हुन पुगेको हो । महिनाभरि नै शिवको पूजा हुने महिना भने साउन मात्रै हो । शिवलाई जलधार सारै प्रिय छ । प्रकृतिले नै जलधारा लगाउने यो महिना वातावरणीय स्वच्छताका हिसाबले पनि उत्तम मानिन्छ। कृषि कर्मका लागि पनि श्रावण महिना उत्तम मानिन्छ। बिरुवा हुर्कनलाई चाहिने तापमान र वर्षा यो महिनामा उपयुक्त हुन्छ । चारैतिर हरियाली, वर्ष/झरी, जलप्रवाह, खोलानाला र झरनाको गडगडाहट र संगीतमय ध्वनिले वातावरणलाई मनमुग्ध बनाएको हुन्छ ।

# भीमफेदीको वडा कार्यालय भवन उद्घाटन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर ५ को नवनिर्मित कार्यालय भवनको उद्घाटन गरिएको छ । सोमबार एक कार्यक्रमका बीच गाउँपालिकाका अध्यक्ष हिदम लामाले उक्त भवनको उद्घाटन गर्नुभएको हो ।

वडा कार्यालय निर्माणका लागि पालिकाले १ करोड ४५ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । सो रकमबाट सभाहलसहित ९ कोठे भवन निर्माण भएको हो । भवन निर्माणका लागि पालिकाले १ करोड ९७ लाख बजेट विनियोजन गरेको थियो ।

पालिकाका उपाध्यक्ष सञ्जीव श्रेष्ठका अनुसार पालिकाभित्रका ९ वटा वडामध्ये अहिले १ र ३ नम्बर वडाले मात्र भाडाबाट सेवा प्रवाह गरिरहेको छ । १ नम्बर वडाको भवन निर्माणका लागि जग्गा प्राप्त भइसकेको र यहि आर्थिक वर्षमा भवन बनाउने तयारी भइरहेको तथा ३ नम्बरको लागि जग्गा मिलाउने कार्य भइरहेको उपाध्यक्ष श्रेष्ठले बताउनुभयो । अरु वडाहरुले साविककै गाविसका वडा कार्यालयहरुबाट सेवा प्रवाह गरिरहेको छ ।

नवनिर्मित ५ नम्बर वडा कार्यालयबाट सोमबारदेखि नै सेवा प्रवाह गरिएको छ । भवन निर्माणका लागि ललितमाया बलले ९ आना जग्गा दान गर्नुभएको थियो । उहाँलाई कार्यक्रममा सम्मानसमेत गरेको थियो । २०७५ सालदेखि ५ नम्बर वडा कार्यालयले कोठा भाडामा लिएर सेवा प्रवाह गरिरहेको थियो । भीमफेदी-५ का वडाध्यक्ष जहारसिंह लामाको सभाध्यक्षतामा भएको वडा कार्यालय उद्घाटन कार्यक्रममा अन्य वडाका वडाध्यक्षहरुको पनि उपस्थिति रहेको थियो ।

# विभिन्न घटनामा तीन जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको दुई जिल्लामा विभिन्न घटनामा परी तीन जनाको मृत्यु भएको  छ । काभ्रेमा दुई तथा सिन्धुलीमा एक जना गरी तीन जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

सिन्धुलीको कमलामाई नगरपालिका-९ स्थित भिमानमा एक पुरुषको मृत्यु भएको छ । सोमबार राति १२ बजेको समयमा हरिहरपुरगढी गाउँपालिका-७ घर भई हाल भिमानमा कमलामाई पशुपंक्षी कृषि फार्ममा काम गरी बस्ने २२ वर्षीय बाबुलाल योन्जन फार्मको शौचालयमा अचेत अवस्थामा फेला परेका थिए । योन्जनलाई उनकी श्रीमती श्रीमाया गोलेले देखेर उठाउन खोज्दा गोलेलाई करेन्टको झड्का महसुस भएको भनि प्रहरीमा खबर गरेकी थिइन् ।

त्यसपश्चात् प्रहरी टोली खटेर योन्जनलाई उपचारको लागि सिन्धुली अस्पतालमा लगिएकोमा उपचारको क्रममा १ बजेर २० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेका हुन् । मृत्युको कारण खुलिनसकेको र थप अनसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै, सोमबार काभ्रेको पनौती नगर पालिका-५, पुन्यमातामा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । बिहान ७ बजेर ३० मिनेटमा बनेपाबाट पनौतीतर्फ जाँदै गरेको प्र ३-०२-००७ प ५४११ नम्बरको मोटरसाइकल सडकबाट ६ मिटर तल खोलामा खस्दा काभ्रेको नमोबुद्ध नगरपालिका-१ का चालक २४ वर्षीय दीपेन्द्र खड्काको मृत्यु भएको हो ।

यस्तै, सोमबार काभ्रेकै पनौती नगरपालिका-६ मा एक पुरुष मृत फेला परेका छन् । वडास्थित गोरथनाथ सामुदायिक वनको छेउमा रहेको प्रतिक्षालयमा ५२ वर्षीय पुरुष मृत अवस्थामा भेटिएको हो । शवको पहिचान गर्दा बाहिरी चोटपटक नदेखिएको र दिउँसो ४ बजेट १५ मिनेटको समयमा मुचुल्कापश्चात् पोष्टमार्टमका लागि धुलिखेल अस्पतालमा लगिएको प्रहरीले जनाएको छ ।

# उच्च अदालत हेटौंडाद्वारा ७६ प्रतिशत मुद्दा फछ्र्यौट

समाज संवाददाता

हेटौंडाः उच्च अदालत पाटन, हेटौंडा इजलासको मुद्दा फछ्र्यौटको दर बढेको छ । आर्थिक वर्ष २०८०/८१ मा अघिल्लो आर्थिक वर्षहरुको तुलनामा मुद्दा फछ्र्यौटको दर बढेको हो ।

अदालतका रजिष्ट्रार केशर अर्यालका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा १ हजार ६ सय १९ मुद्दा दर्ता भएकोमा १ हजार २ सय ४५ मुद्दा फछ्र्यौट भएको छ । यो फछ्र्यौट मुद्दाको संख्या ७६ प्रतिशत हो । गत आर्थिक वर्षमा ४ सय २९ मुद्दाको जिम्मेवारी सरेर आएको थियो । अब ३ सय ७४ मुद्दा फछ्र्यौट गर्न बाँकी छ । रजिष्ट्रार अर्यालका अनुसार अदालतमा अहिले १ वर्ष पुरानो कुनै मुद्दा छैनन् ।

अदातलको ३ वर्षे प्रगति विवरणअनुसार गत आर्थिक वर्षमा मुद्दा फछ्र्यौटको दर बढेको पाइएको छ । अदातलले आर्थिक वर्ष २०७८/७९ मा ७० प्रतिशत मुद्दा फछ्र्यौट गर्न सफल भएको थियो । उक्त वर्ष १ हजार ८ सय २९ मुद्दामध्ये १ हजार २ सय ८४ मुद्दा फछ्र्यौट गरेको थियो भने ५ सय ४५ मुद्दा बाँकी बसेको थियो । यस्तै, आर्थिक वर्ष २०७९/८० मा ७५ प्रतिशत मुद्दा फछ्र्यौट गर्न सफल भएको थियो । उक्त वर्ष १ हजार ४१ मुद्दामध्ये १ हजार ३ सय १२ मुद्दा फछ्र्यौट गर्न सफल भएको थियो ।

गत आर्थिक वर्ष २०८०/८१ मा सुरु क्षेत्राधिकारअन्तर्गत सुरुका १८ वटा मुद्दा दर्ता भएकोमा १२ वटाको फछ्र्यौट भएको छ भने ६ वटा बाँकी छ । यस्तै, पुनरावेदकीय व्यक्तिवादी देवानीमा ४ सय १३ मुद्दा दर्ता भएकोमा ३ सय ८ वटाको फैसला भएको छ भने १ सय ५ वटा फछ्र्यौट हुन बाँकी छ । व्यक्तिवादी फौजदारीमा २ सय ३२ मुद्दा दर्ता भएकोमा १ सय ८८ मुद्दा फछ्र्यौट भएको छ भने ४४ वटा बाँकी छ ।

यस्तै, सरकारवादी ८ सय १ वटा मुद्दामध्ये ६ सय १४ मुद्दा फछ्र्यौट भएको छ भने १ सय ८७ बाँकी छ । रिट क्षेत्राधिकारअन्तर्गत रिटमा १ सय ५५ मुद्दा रहेकोमा १ सय २३ को फछ्र्यौट भएको छ भने ३२ वटा बाँकी छ । निवेदन प्रतिवेदनमा १ सय ६७ मुद्दा रहेकोमा १ सय ५५ को फछ्र्यौट भएको छ भने १२ वटा बाँकी छ । उच्च अदालत पाटन, हेटौंडा इजलासले मकवानपुर र चितवन दुई जिल्लाको मुद्दा हेर्दै आइरहेको छ ।

# अर्याल, ढकाल र थोकर एमाले प्रवेश

समाज संवाददाता

हेटौंडाः नेकपा समाजवादी (एस) पूर्व जिल्ला उपाध्यक्ष भूमिनन्द अर्याल, सचिवालय सदस्य कालु ढकाल तथा पूर्व जिल्ला कमिटी सदस्य जबिन्द्र थोकर नेकपा एमाले प्रवेश गरेका छन् ।

नेकपा एमालेको घर फर्क अभियानमा अर्याल, ढकाल र थोकर एमाले प्रवेश गरेका हुन् । नेकपा एमालेले पार्टी छाडेर अन्यत्र गएका नेता कार्यकर्तालाई अभियानकै रुपमा घर फिर्ती कार्यक्रम सन्चालन गरेको जनाएको छ । मंगलबार हेटौंडा-५ स्थित पार्टी कार्यालयमै एक कार्यक्रमका बीच उनीहरूलाई स्वागत गरिएको हो । नेकपा एमालेका केन्द्रीय सदस्य केदार न्यौपाने, रामेश्वर राना, मकवानपुर जिल्ला अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष हिदम लामा, सचिव सीता बिष्टलगायतका नेताहरुले उनीहरूलाई स्वागत गरेको नेकपा एमाले मकवानपुरका प्रचार तथा प्रकाशन विभाग प्रमुख उज्वल चौलागाईले जानकारी दिनुभयो ।


## राजस्व संकलन सेवा बन्द रहने सम्बन्धि सार्वजनिक सूचना

प्रस्तुत विषयमा यस हेटोंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत राजश्व व्यवस्थापन शाखा तथा सम्पूर्ण वडा कार्यालयहरुबाट राजश्व संकलन सम्बन्धी सेवा आर्थिक वर्ष प्रारम्भमा कर दर तथा सफ्टवेयर सिस्टमको अद्यावधिक गर्ने कार्यको लागि मिति २०८१/०४/०१ देखि २०८१/०४/०४ गते सम्म सेवा बन्द गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यसबाट सेवाग्राहीमा पर्न गएको असुविधा प्रति उपमहानगरपालिका क्षमा प्रार्थी छ ।

राजस्व व्यवस्थापन शाखा
हेटौंडा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय

## दरभाउ आह्वान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०४/०३)

सूचना नम्बर: ००१

यस दिगो विकासका लागी एकता नेपालले LiScha Himalaya e.V. को आर्थिक सहयोगमा सञ्चालित "Education, Health and Livelihood Support Project in Raksirang" अन्तर्गत आवश्यक पर्ने तपशिल बमोजिमका सामग्रीहरु प्रथमपटक प्रकाशित सूचनाको व्यहोरा अनुसार सार्वजनिक खरिद ऐन २०६३ बमोजिम ईजाजत प्राप्त व्यापारिक कम्पनी/फर्मलाई, कम्पनी/फर्मको दर्ता प्रमाणपत्र र गत आर्थिक बर्षको व्यापारिक करचुक्ता प्रमाणपत्रसहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरु :**

क) निर्धारित ढाँचाको बोलपत्र संस्थाको कार्यालयबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ । प्राप्त बोलपत्रलाई रीतपूर्वक भरी बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले रीतपूर्वक सही, छाप तथा सिलबन्दी गरी बोलपत्रदाता आफैंले वा आफ्नो प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत पेश गर्नुपर्ने स्थानमा बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्रै पेश गर्नु पर्नेछ वा आइपुग्नु पर्नेछ । सो समय भित्र आई नपुगेको निवेदन उपर कुनै पनि कारबाही गरिने छैन ।
ख) सो बोलपत्रमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।
ग) रीतपूर्वक दरभाउपत्र प्राप्त हुन नआएमा वा अन्य कुनै व्यहोरा परेमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयलाई नै हुनेछ ।
घ) दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८१/०४/१७ गते दिनको ३:०० बजेसम्म र खोल्ने समय मिति २०८१/०४/१८ गते बिहान ११:०० बजेदेखि हुनेछ ।
ङ) छनौट भएका आपूर्तिकर्ताले सामग्री आपूर्ति दिँदा सम्झौतामा उल्लेख भएअनुसार वा संस्थाको शाखा कार्यालय राप्ती-१, महादेवटार, चितवनमा आपूर्ति दिनु पर्नेछ ।
च) यस बोलपत्र सम्बन्धी थप जानकारीका लागि कार्यालयको फोन नं. ९७४२५५९७०४ वा संस्थाको शाखा कार्यालय राप्ती-१, महादेवटार, चितवनमा सम्पर्क गर्न सकिनेछ ।

**तपशिल :-**

| क्र.स. | ठेक्का नम्बर | सामानको विवरण | बोलपत्र वापत दस्तुर |
|---|---|---|---|
| १. | ००१-०१-२०८१/०८२ | खाजा तथा खानाका लागि आवश्यक खाद्यान्न तथा अन्य सामग्रीहरु | रु. १०००/- |
| २. | ००१-०२-२०८१/०८२ | औषधी तथा स्वास्थ्य उपकरणका सामग्रीहरु | रु.१०००/- |
| ३. | ००१-०३-२०८१/०८२ | व्यक्तिगत स्वास्थ्य र स्वच्छता प्रवर्द्धन सम्बन्धी आवश्यक सामग्रीहरु | रु. १०००/- |
| ४. | ००१-०४-२०८१/०८२ | विभिन्न साइजका चप्पलहरु | रु १०००/- |
| ५. | ००१-०५-२०८१/०८२ | स्टेशनरी तथा अन्य सामग्रीहरु | रु. १०००/- |
| ६. | ००१-०६-२०८१/०८२ | विभिन्न साइजका Soft shell ज्याकेटहरु | रु. १०००/- |
| ७. | ००१-०७-२०८१/०८२ | न्यानो आउने उलनको कपडा | रु. १०००/- |
| ८. | ००१-०८-२०८१/०८२ | विभिन्न साइजका स्कूल ब्यागहरु | रु. १०००/- |
| ९. | ००१-०९-२०८१/०८२ | निलो रङ्गका विभिन्न साइजका स्वेटरहरु | रु. १०००/- |
| १०. | ००१-१०-२०८१/०८२ | विभिन्न साइजका ट्र्याक र शुटहरु | रु. १०००/- |
| ११. | ००१-११-२०८१/०८२ | विभिन्न साइजका कापीहरु छपाइ कार्य | रु. १०००/- |
| १२. | ००१-१२-२०८१/०८२ | हिउँदे तरकारीका बीउहरु | रु. १०००/- |
| १३. | ००१-१३-२०८१/०८२ | आलुको बीउ | रु. १०००/- |
| १४. | ००१-१४-२०८१/०८२ | ग्यास, ग्यास सिलिण्डर र फिटिङका सामग्रीहरु | रु. १०००/- |
| १५. | ००१-१५-२०८१/०८२ | विभिन्न रसायनिक मल र किटनाशकहरु | रु. १०००/- |
| १६. | ००१-१६-२०८१/०८२ | बेमौसमी तरकारी खेतीका लागि प्लास्टिक टनेल निर्माण गर्न आवश्यक सामग्रीहरु | रु. १०००/- |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
## श्रम तथा रोजगार कार्यालय

हेटौंडा, मकवानपुरको

## सूची दर्ता गर्नेसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०४।०३)

यस कार्यालयका लागि आ.व. २०८१।८२ का लागि आवश्यक पर्ने निम्नानुसारका मालसामान तथा सेवा खरिद गर्ने प्रयोजनका लागि सम्बन्धित विषयमा कारोबार गर्न स्वीकृति/इजाजत प्राप्त दर्तावाल व्यक्ति, फर्म, कम्पनी एवम् संस्था वा सेवा प्रदायकहरुको सूची अद्यावधिक गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सूची (Standing List) मा दर्ता हुन वा अद्यावधिक हुन चाहने व्यक्ति, फर्म, कम्पनी एवम् संस्था वा सेवा प्रदायकहरुले तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपिसहित कार्यालय समयमा आवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**(क) खरिद तथा आपूर्ति**
१) मसलन्द तथा कार्यालय सामानहरु
२) कम्प्युटर, प्रिन्टर, फोटोकपी, फ्याक्स, युपीयस, क्यामेरा तथा इलेक्ट्रोनिक्स सामान/पार्टपूर्जा/टोनर/मसी सप्लाई
३) इलेक्ट्रीकल सामानहरु
४) छपाईसम्बन्धी कार्य
५) फर्निचर तथा फर्निसिङ्ग र मर्मत
६) मोटरसाइकल, स्कुटर आपूर्ति
७) विज्ञापन/सूचना प्रकाशित गर्ने कार्य
८) जारको पिउने पानी/वोतलको पिउने पानी
९) सवारी साधनको पार्टपूर्जा
१०) पत्रपत्रिकाहरुको आपूर्ति
११) सवारी साधन भाडामा लिनेसम्बन्धी कार्य
१२) धारा, वाथरुमका सामानहरुको आपूर्ति
१३) औषधि खरिद/मेडिकल सामानहरु

**(ख) मर्मततर्फ**
१) कम्प्युटर, फोटोकपी, फ्याक्स, प्रिन्टर, टि.भी., ए.सी., क्यामेरा, इलेक्ट्रोनिक सामानहरु
२) कार, जीप, पिकअप भ्यानहरु
३) मोटरसाइकल, स्कुटर एवं साइकलहरु
४) दराज, कुर्सी, टेवल एवम् फर्निचरसम्बन्धी सामानहरु
५) भवनभित्र सानातिना पार्टेशनका कार्यहरु
६) भवन तथा परिसर सरसफाई
७) धारा वाथरुमका सामानहरुको मर्मत सम्भार

**(ग) सेवा र परामर्श सेवातर्फ**
१) सृटवेयर निर्माण तथा आपूर्तिसम्बन्धी सेवा
२) तालिम, गोष्ठी र सेमिनार संचालन गर्ने
३) हवाइ टिकट
४) विज्ञापन सेवा
५) कुरियर सेवा
६) कानूनी परामर्श सेवा
७) खाना, बास र कार्यक्रमका लागि होटल तथा लजसम्बन्धी सेवा

**(घ) खाद्यान्नतर्फ**
१) लञ्च प्याकेट/खाजा प्याकेट
२) किराना सम्बन्धी सामानहरु

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजात (योग्यताका आधारहरु)**
१) सम्बन्धित क्षेत्रमा काम गर्न फर्म दर्ता र नवीकरण भएको प्रमाणपत्रको छायाँप्रति
२) स्थायी लेखा नम्बर र मू.अ.करमा दर्ता भएको प्रमाणपत्रको छायाँप्रति
३) मु.अ.करमा दर्ता हुन नपर्नेको हकमा सोको आधिकारिक कागजातको छायाँप्रति
४) साझेदारी फर्म भए साझेदारी सम्झौतापत्रको प्रतिलिपि
५) आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति
६) मालसामान/सेवाको प्रकृति र कार्यानुभवको प्रमाणपत्र
७) पेशागत कसुरमा कुनै सजाय पाए वा नपाएको व्यहोराको लिखित जानकारी
८) सूचीकृत हुन चाहने इजाजतप्राप्त दर्तावाल व्यक्ति, फर्म, कम्पनी एवम् संस्थाहरुले आफ्नो सम्पर्क व्यक्तिको विवरण र सम्पर्क नं. अनिवार्यरुपमा उल्लेख गर्नुपर्नेछ ।

कार्यालय प्रमुख

## हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सार्वजनिक सूचना

यस उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुको आ.व. २०८०/८१ को कारोबार विवरण सहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८१/८२ को कारोबार सुचारु गर्नुपर्ने व्यवस्था रहेकोले मिति २०८१ श्रावण १ गते देखि अर्को सूचना नभएसम्मको लागि फर्म, उद्योग तथा कम्पनीबाट नदीजन्य पदार्थको बिक्री बितरण कार्य बन्द गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार यो सूचना जारी गरिएको छ ।

राजस्व व्यवस्थापन शाखा
हेटौंडा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय

# नगर अस्पतालमा फेरि डाक्टर पुगे

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाका दुईवटा नगर अस्पतालमा फेरि डाक्टर (मेडिकल अधिकृत) पुगेका छन् । बुधबार हेटौँडा-१३, पदमपोखरीस्थित पदमपोखरी अस्पतालमा २६ बर्षीया डा. गजल पन्त र हेटौँडा-१६, हटियास्थित हटिया अस्पतालमा २८ बर्षीय डा. नरेन्द्र केसी पुगेर सेवा सुरु गर्नुभएको हो । गत फागुन महिनामा हटिया अस्पतालका डा. कमलराज न्यौपाने र गत जेठमा पदमपोखरी अस्पतालका डा. निशान अर्यालले राजिनामा दिनुभएपछि हेटौँडा उपमहानगरपालिका मातहतका दुबै अस्पताल डाक्टरबिहिन बनेको थियो ।

हेटौँडा उपमहानगरपालिकाले दुबैजना डाक्टरलाई मंगलबार नियुक्तिपत्र प्रदान गर्दै मंगलबारबाटै नगर अस्पतालमा खटाएको छ । डा. पन्तले यसअघि रक्सिराङ गाउँपालिकाको आधारभूत अस्पतालमा सेवा प्रदान गर्नु भएको थियो । यस्तै, डा. केसीले यसअघि हेटौँडा अस्पताल र निको अस्पतालको इमर्जेसी विभागमा रहेर काम गर्नुभएको थियो । डा. पन्तसँगै पदमपोखरी अस्पतालमा एक जना स्वास्थ्यकर्मी र एक जना स्टाफ नर्स नियुक्त हुनुभएको छ भने डा. केसीसँगै हटिया अस्पतालमा एक जना स्टाफ नर्स नियुक्त हुनु भएको छ ।

हेटौँडा उपमहानगरपालिकाले दुई जना डाक्टरका लागि दरखास्त आव्हान गर्दा १० जनाले आवेदन दिएका थिए । आवेदन दिएका मध्ये ६ जना मात्रै परीक्षामा सहभागी भएका थिए । लिखित परीक्षामा ४ जना मात्रै उत्तीर्ण भएको हेटौँडा उपमहानगरपालिकाको सामान्य प्रशासन शाखाका प्रमुख लक्ष्मण मैनालीले जानकारी दिनुभयो ।

डाक्टर पुगेको दिन मंगलबार पदमपोखरी अस्पतालमा १५ जना सेवाग्राहीले सेवा लिएका छन् । बुधबार हटिया अस्पतालमा ४१ जनाले सेवा प्राप्त गरेका छन् । डा. केसीले अस्पतालमा सबै साधन प्राप्त भएमा बिरामीलाई सेवा प्रदान गर्न सजिलो हुने बताउनुभएको छ । केहि महिनादेखि डाक्टरविहीन भएको ५-५ शैयाको दुई नगर अस्पताल साउन महिनादेखि डा. गजल पन्त र डा. नरेन्द्र केसीद्वारा सञ्चालन भएको छ । नगर अस्पतालका दुबैजना डाक्टरले राजीनामा दिएसँगै उपमहानगरले डाक्टर, अनमी र अहेवको लागि आवेदन माग गरेको थियो । यस्तै, उपमहानगरपालिकाले ५ जना अहेब माग गरेकोमा ३३ जनाले आवेदन दिएका थिए । ४ जना अनमी माग गर्दा २९ जनाले आवेदन दिएका थिए ।

# रेन्टुरेन्टबाट नगद र गहना चोरी

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, अजरअमररोडस्थित एक रेन्टुरेन्टबाट नगद र गहना चोरी भएको छ । बुधबार होटल खुशी एण्ड रेष्टुरेन्टबाट नगद र गहना चोरी भएको हो ।

रेष्टुरेन्टका सञ्चालक विश्वास लामाका अनुसार बुधबार दिउँसो १ बजेर ६ मिनेटको समयमा अपरिचित एक महिलाले नगद र गहना चोरी भएको हो । रेष्टुरेन्टबाट ६० हजार रुपैयाँ नगद र एक तोलाको गहना चोरी भएको सञ्चालक लामाले दावी गर्नुभएको छ । चोरीको खबर प्राप्त भएपछि प्रहरीले घटनाको अनुसन्धान थालेको छ । रेष्टुरेन्ट र बाहिरका सीसी क्यामेरामा कैद भएको दृश्यमा चोरी भएको घटना देखिए पनि चोरी गर्ने महिलाको पहिचान गर्न नसकिएको प्रहरीको भनाई छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सिटी कलेजले ५ जनालाई छात्रवृत्ति दिने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, पिप्लेस्थित हेटौंडा सिटी कलेजले ५ जना विद्यार्थीलाई छात्रवृत्ति दिने भएको छ । कलेजले ५ नम्बर वडाभित्रका गरिब, जेहेन्दार र अति विपन्न विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने भएको हो ।

पिप्ले युवा क्लबसँगको औपचारिक सहकार्यमा सामाजिक, व्यावसायिक उत्तर दायित्वअन्तर्गत आफ्नै वडामा रहेका गरिब, विपन्न र जेहेन्दार ५ जना विद्यार्थीलाई पूर्ण छात्रवृत्ति दिने निर्णय गरेको कलेजका प्रशासन प्रमुख सुमन्त सिलवालले जानकारी दिनुभएको छ । कक्षा-१२ मा विभिन्न संकायमा पढ्न चाहेर पनि पढ्ने अवस्था नभएका विद्यार्थीहरुलाई विशेषरुपमा प्राथमिकतामा राखेर पिप्ले युवा क्लबको अनुरोधअनुरुप छात्रवृत्ति प्रदान गर्ने निर्णय गरेको प्रशासन प्रमुख सिलवालले बताउनुभयो ।

कलेजले हेटौंडा उपमहानगरपालिकाको १९ वटा वडाका २ जना छात्र र २ जना छात्रा गरी ४ जना जेहेन्दार विद्यार्थीलाई पनि छात्रवृत्ति प्रदान गर्ने प्रशासन प्रमुख सिलवालले बताउनुभयो । कलेज र क्लबले विभिन्न सामाजिक कार्यहरुमा पनि सहकार्य गर्दै आएको र विभिन्न कामहरु काम गरिरहेको उहाँले बताउनुभयो ।

स्नातक तहमा कलेजमा आईटीसम्बन्धी त्रिभुवन विश्वविद्यालयसँगको सम्बन्धनमा बिएससी सिएसआईटी र बिसीए पढाइ हुने गरेको उहाँले बताउनुभयो । यस्तै, कक्षा ११, १२ मा विज्ञान संकाय, व्यवस्थापन संकाय, होटल म्यानेजमेन्ट, विजनेस स्टडी, टुरिजम एण्ड माउन्टेनरिङ, कानुन संकायका विषय पढाइ हुने गरेको छ ।

# शनिबार हेटौंडामा कोरा साइकल च्यालेन्ज हुने

समाज संवाददाता

हेटौंडाः आगामी साउन ५ गते शनिबार हेटौंडामा कोरा साइकल च्यालेन्ज-२०२४ हुने भएको छ । हेटौंडा राइडर्स क्लबको आयोजनामा कोरा साइकल च्यालेन्ज हुने भएको हो ।

बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै क्लबका अध्यक्ष विकास ताम्राकारले कोरा साइकल ऱ्यालीको बारेमा जानकारी दिनुभएको छ । करिब ५० किलोमिटर दुरीसम्मको यात्रा पूरा गर्ने गरी आयोजना गर्न लागेको कोरा साइकल ऱ्यालीमा १२ वर्षभन्दा बढी उमेर समूहका महिला तथा पुरुषहरुले सहभागिता जनाउन पाउने अध्यक्ष ताम्राकारले बताउनुभयो ।

कोरा ऱ्यालीमा मकवानपुरसहित आसपासका जिल्लाहरु बारा, पर्सा, चितवन, काठमाडौंलगायतका ठाउँहरुबाट दुई सय जना राइडर्सले नामदर्ता गराइसकेको उहाँले बताउनुभयो । मकवानपुरबाट २ सय र अन्य जिल्लाबाट २५ जनाले नाम दर्ता गराइसकेको उहाँले बताउनुभयो ।

२ सय ५० जनाभन्दा बढी राइडर्स सहभागी हुनसक्ने कोरा साइकल ऱ्यालीमा प्रतिव्यक्त २ सय रुपैयाँको दरले दर्ता शुल्क निर्धारण गरिएको उहाँले बताउनुभयो । हेटौंडा उपमहानगरपालिकालाई साइकलसँग जोडेर तीर्थस्थल र स्थानीय बस्तीहरुलाई पहिचान गराउने उहाँले बताउनुभयो ।

साइकल ऱ्याली हेटौंडा-१० स्थित भूटनदेवी मन्दिरबाट सुरु भएर हेटौंडा बजार, सानोपोखरा, वनस्खण्डी, जलेश्वर महादेव मन्दिर, चौकीटोल, सामरी, शिखर कटेरी सालकपार्क, राजदेवी हुँदै एक्लेखेतमा खाना खाएर हर्नामाडी, हटिया, चौघडा, पिप्ले, कान्तिराजपथ, बुद्धचोकबाट राइडर्स चोकमा कोरा ऱ्याली सम्पन्न गरिने उहाँले बताउनुभयो ।

उहाँका अनुसार ऱ्यालीमा सहभागी राइडर्सलाई निःशुल्क जर्सी तथा समापन कार्यक्रममा मायाको चिनो र प्रमाणपत्र पनि प्रदान गरिने उहाँको भनाइ छ । मकवानपुर जिल्ला साइकल संघको सहकार्यमा र हेटौंडा उमहानगरपालिकाको मुख्य सहयोगमा हुने कोरा साइकल ऱ्यालीमा ५ लाख रुपैयाँभन्दा बढी खर्च हुने अनुमान आयोजकको छ ।


कोरा ऱ्यालीका लागि क्लबका स्वयम्सेवकहरुले व्यवस्थापन, नेपाल प्रहरीहरुले सुरक्षा र ट्राफिक प्रहरीहरुले ट्राफिक व्यवस्थापन गर्ने उहाँको भनाइ छ । मनोरञ्जन तथा व्यायाम र पेट्रोलिय पदार्थ खपत न्यून गर्न ऱ्याली आयोजना गरिएको अध्यक्ष ताम्राकारले बताउनुभयो । हेटौंडा नगरलाई साइकलको माध्यमले स्वस्थ, जीवन्त र सहज राख्ने उद्देश्यले पनि साइकल ऱ्यालीको आयोजना गरेको उहाँले बताउनुभयो । क्लबले विगत ७ वर्षदेखि कोरा साइकल ऱ्यालीको आयोजना गर्दै आएको छ ।

# ३७ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१० स्थित वनविज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पसको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ३७ जनाले रक्तदान गरेका छन् ।

सोमबार भएको कार्यक्रममा ६ जना महिला र ३१ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । ६५ औं त्रिभुवन विश्वविद्यालय दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।




# चौलागाईंद्वारा पिप्ले युवा क्लबलाई किटब्याग सहयोग

समाज संवाददाता

हेटौंडाः आर्किड क्लोथिङ्ग स्टोरका सञ्चालक ओम चौलागाईंले हेटौंडा-५ स्थित पिप्ले युवा क्लबलाई खेलकुद सामग्री सहयोग गर्नुभएको छ । बुधबार सञ्चालक चौलागाईंले क्लोथिङ्ग स्टोरमा पिप्ले युवा क्लबका अध्यक्ष सुविन घिमिरेलाई फुटबलका लागि आवश्यक किटब्याग हस्तान्तरण गर्नुभएको हो ।

पिप्ले युवा क्लबले सञ्चालन गरिरहेको पिप्ले फुटबल ट्रेनिङका लागि १५ हजार रुपैयाँ बराबरको ४० थान किटब्याग सहयोग गरेको क्लबका अध्यक्ष घिमिरेले जानकारी दिनुभएको छ । क्लबको प्रशिक्षणमा सहभागी हुने प्रशिक्षार्थीलाई प्राप्त सामग्रीले सहयोग पुग्ने उहाँले बताउनुभयो ।

पिप्ले युवा क्लबका प्रशिक्षकसमेत रहनुभएको अध्यक्ष घिमिरेले प्रशिक्षार्थीहरुलाई प्रशिक्षण दिने गर्नुभएको छ । उहाँले गत बैशाख महिनाबाट हेटौंडा-५ का फुटबल खेलप्रति रुचि भएका खेलाडीहरुलाई प्रशिक्षण दिन सुरु गर्नुभएको हो । प्रशिक्षणमा बिहान ६ बजेदेखि ८ बजेसम्म ४० जना बालबालिका सहयागी हुने गरेका छन् ।

यसअघि घिमिरेले आफ्नो बुबा सुदर्शन घिमिरेको स्मृतिमा ५० हजार रुपैयाँ बराबरको खेलकुद सामग्री तथा जर्सी बालबालिकाहरुलाई सहयोग गर्नुभएको थियो । क्लबले सञ्चालन गरेको प्रशिक्षणमा सहभागी हुने प्रशिक्षार्थीहरुका लागि सहयोग आउने क्रम जारी रहेको अध्यक्ष तथा प्रशिक्षक घिमिरेले बताउनुभयो ।




# वडा कार्यालयद्वारा स्वास्थ्य स्वयम्सेविकालाई साइकल वितरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-५ को वडा कार्यालयले ५ जना स्वास्थ्य स्वयम्सेविकालाई साइकल वितरण गरेको छ । शुक्रबार एक कार्यक्रमको आयोजना गर्दै वडाले पिप्ले स्वास्थ्य चौकीका ५ जना स्वयम्सेविकालाई साइकल वितरण गरिएको वडा सदस्य रञ्जिता सिलवालले जानकारी दिनुभयो ।

वडाको वार्षिक कार्यक्रमअनुसार घरदैलो कार्यक्रम गर्दा स्वयम्सेविकालाई आवतजावत गर्न सहज होस् भन्ने उद्देश्यले साइकल हस्तान्तरण गरिएको जनाइएको छ । कार्यालयले स्वयम्सेविकाहरुलाई १४ हजार ३ सय ७५ रुपैयाँको साइकल उपहार दिएको हो ।

वडाले स्वयम्सेविकाहरुलाई मोबाइल, छाता, चपल्ललगायत सामग्रीहरु सहयोग गर्दै आइरहेको छ । सहरी स्वास्थ्य केन्द्रकी प्रमुख सुस्मिता थापाको अध्यक्षतामा भएको साइकल वितरण कार्यक्रममा हेटौंडा-५ का वडा अध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्य रहेको थियो ।

साइकलका कारण स्वास्थ्य राम्रो हुने भएकाले कार्यालयबाट साइकल स्वीकार गरेको हेटौंडा-५ की स्वयम्सेविका उमादेवी अर्जेलले बताउनुभयो । यस्तै, वडा नम्बर ५ की स्वयम्सेविका मीना छैरेलले साइकल आवश्यक रहेको बताउनुभयो ।




हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ